# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

१ नं. प्रदेश नेपाल

प.सं. २०७७।०७८
च.नं. ३४५

मिति: २०७७।०७।२४

**श्री सम्पूर्ण वडा कार्यालयहरु,**
**श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु,**
**श्री सम्पूर्ण सरुवा भएका शिक्षकहरु,**
**चिशंखुगढी गाउँपालिका, ओखलढुंगा ।**

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयको सम्बन्धमा चिशंखुगढी गाउँपालिकाको शिक्षा ऐन, २०७५ को दफा २४(३), चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ को नियम ५७ तथा गाउँ शिक्षा समितिको मिति २०७७/०६/२९ को निर्णयानुसार गाउँ कार्यपालिका कार्यालयको मिति २०७७/०६/२९ को शिक्षक सरुवा सम्बन्धी सूचनाबाट गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको सरुवा भएको व्यहोरा सर्वविदितै छ । शिक्षकहरुको सरुवाको सन्दर्भमा कतिपय गाउँपालिका अन्तर्गतका अन्तर सम्बन्धित निकायहरुले निर्णय कार्यान्वयनका क्रममा वडा समितिको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ तथा विद्यालय व्यवस्थापन समितिको हकमा चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ को नियम ३१(य) बमोजिमको आ-आफ्ना क्षेत्राधिकार भन्दा बाहिर गई निर्णय गरि सम्बन्धित सरोकारवालाहरुलाई अनावश्यक एवं अनुपयुक्त निर्देशन गरेको तथा गाउँपालिकाको निर्णयलाई ठाडो चुनौती दिएको प्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

गाउँपालिकाको शिक्षा ऐन, नियमावली बमोजिम संस्थागत रुपमा गरिएको शिक्षक सरुवाको निर्णय ठिक-बेठिक भन्ने अधिकार एवं कानून सम्मत भए-नभएको भनि व्याख्या गर्ने अन्तिम अधिकार हामी जस्ता कार्यान्वयन तहका निकायहरुलाई नभएको व्यहोरा अवगत गराईन्छ ।

तसर्थ सम्बन्धित वडा, विद्यालय व्यवस्थापन समिति लगायतका कानुनानुसार गठित निकायहरुले गाउँपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने प्रमुख दायित्वको खिलाफमा नगई शिक्षक सरुवाको निर्णय कार्यान्वयन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने तथा सरुवा भएका शिक्षकहरु यथाशीघ्र सरुवा भएको सम्बन्धित विद्यालयमा हाजिर हुने एवं हाजिर नगराउने, रमना नदिने विद्यालय तथा सरुवा भएको विद्यालयमा हाजिर हुन नजाने शिक्षकहरुको हकमा प्रचलित कानून आकर्षण हुने व्यहोरा निर्देशानुसार अनुरोध छ ।

०७७।०७।२४
**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

**<u>बोधार्थ</u>**
श्री शिक्षा, युवा तथा खेलकुद शाखा, चिशंखुगढी- गाउँपालिका ओखलढुंगा ।
श्री आर्थिक प्रशासन शाखा, चिशंखुगढी- गाउँपालिका ओखलढुंगा ।

***पुनश्चः सरुवा भएका सम्पूर्ण शिक्षकहरुको तलब भत्ता बापतको दोस्रो चौमासिकमा निकासा हुने रकम सरुवा भई हाजिर भएका विद्यालयबाट मात्र हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।***